अन्नपुर्ण गाँउपालिका

# स्थानिय राजपत्र

वर्षः १ खण्डः११ २०७७।०२।११ गते

भाग २

अन्नपुर्ण गाँउपालिकाको

## अन्नपूर्ण गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधी– २०७६

प्रस्तावनाः

अन्नपूर्ण गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा संचालन गर्दै आएका योजना,विकास निर्माणका क्रियाकलाप तथा भौतिक पुर्वाधारहरुको मर्मत तथा संभार गरी दिगो विकासको निरन्तरताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधी २०७६ तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "मर्मत संभार कोष संचालन कार्यविधी-२०७६" रहेको छ।

(२) यो कार्याविधी तुरुन्त लागु हुनेछ।

## परिच्छेद-२
## परिभाषा

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीः-

(क) "मर्मत संभार" भन्नाले अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गरेका सवै प्रकृतीका योजनाहरुको नियमीत मर्मत संभार, स्तरोन्नती गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ख) "कार्यविधी" भन्नाले मर्मत संभार कोष संचालन कार्यविधी २०७६ सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "सचिव" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ।

(च) "भौतिक पुर्वाधार" भन्नाले गाउँपालिका भित्रका सडक, झोलुङ्गे पुल, पुलेसा, खानेपानी, सिँचाई, तटबन्धन क्षेत्र, सरकारी भवन विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाहरु साथै पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्र वा सो जन्य पुर्वाधार भनि सम्झनु पर्दछ।

(छ) "उपभोक्ता समिती" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समुहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफुहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिती सम्झनु पर्दछ र सो समुहले लाभग्राही समुहलाई समेत जनाँउदछ।

(ज) "गैरसरकारी संस्था" भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखि कार्य सञ्चालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्दछ।

(झ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएका सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधीक सहयोग उपलब्ध गराउने द्विपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघिय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्दछ।

(ञ) "भुक्तानी रकम" भन्नाले निर्माण भएको सडकको भुक्तानी हुँदा गाउँपालिका अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिताको रकमलाई समेत जनाउँदछ।

## परिच्छेद-३
## व्यवस्थापन समिती

३. <u>व्यवस्थापन समितीको गठनः</u> (१) मर्मत संभार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि देहाय बमोजिमको एक मर्मत संभार कोष व्यवस्थापन समिती रहने छः-

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक
(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य
(ग) लेखा प्रमुख -सदस्य
(घ) प्राविधिक शाखा प्रमुख -सदस्य सचिव

(२) समितीको बैठक कम्तिमा ४ महिनामा एक पटक बस्नेछ र आवश्यक परेमा जुनसुकै वखत पनि बस्नेछ।

(३) बैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा सम्बद्द विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिनेछ।

४. <u>व्यवस्थापन समितीको काम, कर्तव्य र अधिकारः-</u> (१) व्यवस्थापन समितीको काम, कर्तव्य र अधिकार निम्नानुसारको हुनेछः-

(क) गाउँपालिकामा रहेको सडकहरुको प्राथमिकता तोकि मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने।
(ख) मर्मत संभार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने।
(ग) मर्मत संभारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने।
(घ) सडक, झोलुङ्गे पुल, पुलेसा, खानेपानी, सिँचाई र तटबन्धन क्षेत्रहरुको नियमीत मर्मत संभार, स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने।

(ङ) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाहरु साथै पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको नियमीत मर्मत संभार,स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने।

(च) मर्मत संभार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्न तत् सम्बन्धी कार्य योजना बनाउने।

(छ) मर्मत संभार कार्यलाई प्रभावकारी बनाउने।

(ज) मर्मत संभार सम्बन्धी कार्यको अनुगमन तथा निरिक्षण गर्ने।

## परिच्छेद – ४
## कोष स्थापना

५. मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना: (१) यस गाउँपालिकाको मर्मत संभार कोषको नामले संचालनमा रहेको मर्मत संभार कोष खाता प्रयोग गरी मर्मत संभार कोष सञ्चालन गरिने छ । जसमा देहाय बमोजिमका रकम जम्मा हुनेछः

(क) नेपाल सरकारबाट मर्मत संभार कोषको लागि तोकी दिएको रकम।

(ख) स्थानीय तहबाट मर्मत संभारको लागि प्राप्त रकम।

(ग) स्थानीय गैर सरकारी संस्थाबाट मर्मत संभारको लागि प्राप्त रकम।

(घ) विकास साझेदारहरुबाट मर्मत संभारको लागि प्राप्त रकम।

(ङ) अन्य निकायहरुबाट सामाजिक उत्तरदायित्व पुरा गर्नको निम्ति यस गाउँपालिकाको नाउँमा प्राप्त हुन आएको रकम ।

(च) संघिय सरकार, प्रदेश सरकार र अन्य निकायबाट योजना निर्माण /मर्मतको लागि भनी प्राप्त हुने रकम र मर्मत संभार कोषमा जम्मा हुने गरी तोकि दिएको अन्य रकम।

६. कोष सञ्चालन: (१) कोषको नाममा प्राप्त हुन आएका सम्पुर्ण रकम अन्नपूर्ण गाउँपालिकाको मर्मत संभार कोषको नाममा खाता खोली जम्मा गरिने छ।

(२) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) संघिय सरकार, प्रदेश सरकार र अन्य निकायबाट योजना तथा कार्यक्रममा खर्च गर्न भनी तोकि प्राप्त हुन आउने योजना तथा कार्यक्रमा प्रचलित कानुन बमोजिमको प्रकृया पुरा गरी सञ्चालित योजना तथा कार्यक्रममा खर्च भुक्तानी दिईने छ ।

(४) कोषको आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ । तर गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखा नभएको खण्डमा प्रचलित ऐन तथा नियम अनुसार आन्तरिक लेखा परिक्षण गर्नुपर्नेछ।

(५) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ।

## परिच्छेद– ५

## योजना छनौट तथा कार्यान्वयन प्रकृया

७. योजना छनौट तथा कार्यान्वयन प्रकृयाः (१)मर्मत संभार कोषमा जम्मा हुन आएको रकम देहायको प्रकृया मार्फत योजना छनौट तथा कार्यान्वयन गरिने छ।

(क) पुर्वाधार विकास तथा भवन नियमन शाखाले तत्काल मर्मत संभार गर्नु पर्ने भनी स्थलगत रुपमा स्थानीय जनताको माग तथा सो लाई पुष्टि गर्ने प्राविधिक प्रतिवेदन प्राप्त भएकामा मर्मत संभार सम्बन्धी कार्यहरु छनौट गरी कार्यादेश भएको मितीले अधिकतम १ महिना भित्रमा मर्मत संभार गरिसक्नु पर्नेछ।

(ख) अन्य संस्था वा निकायबाट सामाजिक उत्तरदायित्व अन्तर्गत सम्बन्धीत योजना आयोजना छनौट भई आएमा सोही आयोजनालाई प्राथमिकता दिई सञ्चालन गर्नुपर्ने छ ।

८. मर्मत संभार कार्य गराउने सक्ने व्यवस्थाः (१) गाउँपालिका भित्र रहेका भौतिक पुर्वाधारहरुको नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत संभार स्थानीय उपभोक्ताहरुबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ। उपभोक्ता समितीबाट कार्य गराउँदा गाउँपालिकाबाट स्वीकृत योजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी र उपभोक्ता समिती निर्देशिका अनुसार गरिने छ।भौतिक पुर्वाधारहरुको नियमित मर्मत संभार,पटके मर्मत संभार, आवधिक मर्मत संभार, आकस्मिक मर्मत संभार सम्बन्धि कार्य कार्यालय आफैले पनि प्रचलित कानुनहरु बमोजिम गर्न सक्नेछ।साथै स्थानीय साझेदारीको अवधारणालाई आत्मसात गरी गरिनेछ

## परिच्छेद -७
## विविध

९. **विविधः** (१) मर्मत संभार कोष सञ्चालन कार्यविधी संशोधन वा खारेज गर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(२) यो निर्देशिकामा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधी अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम अनुसार हुनेछ।

(३) यस निर्देशिकामा लेखिएको कुराहरु प्रचलित कानुन र स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन।

प्रमाणिकरण मितिः२०७६।१२।१०

राजपत्रमा प्रकाशित मितिः २०७७०२।११

आज्ञाले,

नविन सुवेदी

प्रमुख प्रशाशकिय अधिकृत